★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

२०२७ (1970)
केन्द्रीय कार्यालय, काठमाण्डी
Central Office, Kathmandu

Ref. No:

मिति :२०७९/०३/०१

श्री ने वि संघ केन्द्रीय परिचालन समितिका सदस्यहरु

श्री ने वि संघ केन्द्रीय प्रचार प्रसार समितिका सदस्यहरु

विषय :परिपत्र गरिएको सम्बन्धमा

उपरोक्त सम्बन्धमा यहि मिति २०७९/०१/३० गतेका दिन स्थानीय तह निर्वाचन २०७९ मा नेपाली काँग्रेस तथा सत्ता गठबन्धनका उम्मेदवारहरुलाइ विजयी बनाउनका लागि नेपाल विद्यार्थी संघ ,केन्द्रीय कार्यसमितिद्वारा गठित ने वि संघ केन्द्रीय परिचालन समिति तथा ने वि संघ केन्द्रीय प्रचार प्रसार समितिका सम्पूर्ण सदस्यज्यूहरुलाइ निम्न कार्यहरू संचालन गर्नहुन यो परिपत्र जारी गरिएको छ ।

१) स्थानीय तह निर्वाचन २०७९ मा आआफ्नो स्थानीय तह तथा आफ्नो छिमेकी स्थानीय तहमा सम्पन्न भएको निर्वाचनको स्थलगत प्रतिवेदन । स्थानीय तहको नाम, वडा संख्या, विजयी उम्मेदवारहरुको नाम र संलग्न दल, उम्मेदवार मनोनयन दर्ताको दिनदेखि मतदानको दिनसम्मको वस्तुस्थिति, पार्टी , विभिन्न भातृ तथा शुभेच्छुक संस्थाहरुले खेलेको भूमिका , भए गरेका सकारात्मक तथा नकारात्मक घटनाहरू गतिविधिहरू, सुझाव र निष्कर्ष सहित। तयार पारी आउँदो मिति २०७९ असार ३ भित्र ने वि संघ केन्द्रीय कार्यसमितिलाई इमेल **(info@nsu.edu.np)** मार्फत अथवा भौतिक रुपमा ने वि संघ केन्द्रीय कार्यालयमा पेश गर्ने ।

२) स्थानीय तह निर्वाचन २०७९ मा नेपाल विद्यार्थी संघको पृष्ठभूमि बाट उम्मेदवार भएका सम्पुर्ण नेताहरुको नाम ,स्थानीय तहको नाम तथा निर्वाचनको परिणाम उल्लेख गरेर ने वि संघ केन्द्रीय कार्यसमितिलाई बुझाउने ।

३) आउँदो प्रदेश तथा संघीय निर्वाचनमा मतदान गर्ने योग्य उमेर पुगेका सम्पुर्ण नयाँ मतदाताहरुलाइ मतदाता परिचय पत्रको लागि आवेदन भर्न जनचेतना तथा सहजीकरण गर्ने ।

४) वर्षा ऋतुको आगमन भएकाले आआफ्नो स्थानीय तहमा बाढी पहिरो जोखिमको दृष्टिकोणबाट खतरामुलक स्थलमा घर भएका परिवारहरुको जानकारी आफ्नो पालिकाको विपद व्यवस्थापन समिति तथा ने वि संघ केन्द्रीय कार्यसमितिलाई पेश गर्ने।

५) बाढी पहिरो जस्ता प्रकोपहरुबाट उत्पन्न हुन सक्ने स्थिती तथा पीडितहरुको उद्धार,सहयोग तथा व्यवस्थापनका निम्ति स्वयंसेवकको भुमिका खेल्न अग्रिम तयारी अवस्थामा रहने ।

जय नेपाल !

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np